नेपाल सरकार
श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
धनगढी, कैलाली

पत्र संख्या :-०७८/७९
चलानी नं. ३०

मिति २०७८/०५/२५

विषय:- न्यूनतम पारिश्रमिक लागु गर्ने सम्वन्धमा ।

श्री उद्योग/प्रतिष्ठानहरु सबै,

उपरोक्त सम्वन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग मिनभवन काठमाण्डौको च.न.४१४ मिति २०७८/०५/२४ को प्राप्त पत्रानुसार सम्वत २०७८ साल साउन १ गते देखि लागू हुने गरी चिया वगान वाहेकका श्रमिकहरुको लागि निर्धारण गरिएको न्यूनतम पारिश्रमिक सम्वन्धी मिति २०७८/०१/२० मा नेपाल राजपत्रमा प्रकाशित सूचना थान १ यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । सोही बमोजिम अनिवार्य रुपमा कार्यान्वयन गर्न गराउन हुन जानकारी गराइन्छ ।

२०७८/०५/२५
..................
जनक सिहं उखेडा
नि.कार्यालय प्रमुख
नि.कार्यालय प्रमुख

व्यवसायिक र सिर्जनशिल प्रशासन: विकास, समृद्धि र सुशासन
इमेल ☎ ०९१-४१२०७९ labour2053@gmail.com

# भाग ५

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी संवत् २०७८ साल साउन १ गते देखि लागू हुने गरी चिया बगान बाहेकका श्रमिकको लागि देहाय बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| न्यूनतम पारिश्रमिक | आधारभूत पारिश्रमिक (रु.) | महङ्गी भत्ता (रु.) | जम्मा (रु.) |
|---|---|---|---|
| मासिक | ९,३८५/- | ५,६१५/- | १५,०००/- |
| दैनिक | ३६१/- | २१६/- | ५७७/- |
| प्रति घण्टा | ४८/- | २९/- | ७७/- |

द्रष्टव्यः

(१) उपर्युक्त पारिश्रमिकको अतिरिक्त श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र प्रचलित कानूनबमोजिम श्रमिकले पाउने सञ्चयकोष र उपदान लगायतका सुविधा प्रदान गर्नु पर्नेछ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तह वा नेपाल कानून बमोजिम अन्य निकायलाई न्यूनतम

पारिश्रमिक निर्धारण गर्न अधिकार प्रदान गरिएकोमा त्यस्तो तह वा निकायले पारिश्रमिक निर्धारण गर्दा यो सूचनामा तोकिएभन्दा कम नहुने गरी निर्धारण गर्न सक्नेछन् ।

(३) उल्लिखित न्यूनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक लिने दिने गरी कुनै रोजगार सम्झौता गर्न पाईने छैन ।

(४) खण्ड ६८, संख्या २० मिति २०७५।४।३१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना अन्तरगतको खण्ड (क) खारेज गरिएको छ ।

**आज्ञाले,**

**सूर्यप्रसाद गौतम**

**नेपाल सरकारको सचिव ।**